छ

# थारू संग्रहालय र आन्दोलनको सम्बन्ध

**मोतिकला पंगेनी**

## परिचय

वि.सं. २०४६ मा भएको बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना र २०५२ देखि २०६२ सम्म तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) माओवादीद्वारा गरिएको विद्रोह पश्चात् आदिवासी जनजातिका मुद्दा प्रखर रूपमा अगाडि आए । थारू र अन्य आदिवासी जनजातिलाई स्वशासन दिने नाराका साथ शुरू भएको विद्रोहको क्रममा माओवादीले थरूहट/थारूवानको मुद्दा उठाएको थियो (शर्मा २०७२ : १) । त्यही विद्रोहको क्रममा नेपाली भाषीपछि थारूभाषीहरू सबैभन्दा बढी हताहत भएका थिए। त्यस अवधिमा ८३३ जना थारूले ज्यान गुमाएका थिए भने २४१ जना थारू बेपत्ता भएका थिए (सर्वहारी र झा २०६९ : १०५) ।

वि.सं. २०५२ पछिको इतिहास हेर्दा विद्रोहको क्रममा माओवादीले थारूवान प्रदेशको लोभ देखाएको पृष्ठभूमिमा थारूहरूको अधिकार र आन्दोलन भएको देखिन्छ । थरूहट/थारूवानको माग र राज्यमा आफ्नो पहुँचको आग्रह सहित भएको थरूहट आन्दोलनमा माओवादी जनयुद्धको पृष्ठभूमि पनि जोडिएको छ । नेकपा माओवादी शान्ति प्रक्रियामा आएपछि थरूहट आन्दोलन तीव्र भएको हो (सर्वहारी र चौधरी २०७४ : ११६) । यही सन्दर्भमा २०७२ सालमा नयाँ संविधान बन्नुअघि थारूवान प्रदेशको माग समेत उठ्यो । यी घटनाक्रमले गर्दा राज्य र प्रदेश स्तरमा मात्रै होइन स्थानीय स्तरमा पनि थारूहरूको अधिकारको खोजीमा बल पुग्यो । त्यही संघर्ष र मागले स्थानीय स्तरमा पारेको प्रभावमध्ये एक हो थारू संग्रहालय स्थापना गर्ने प्रयास ।

वि.सं. २०६० को दशकमा नवलपरासी जिल्लाको डण्डा क्षेत्रका थारू समुदायले आफ्नो पहिचानका निम्ति सार्वजनिक थलोमा थारू संग्रहालय खोल्न पाउनुपर्ने जिकिर गरे। नेपालको पूर्वदेखि पश्चिम तराईसम्म फैलिएका थारूहरूको पूर्व-पश्चिम लोकमार्गको मध्य स्थानमा पर्ने डण्डा क्षेत्रमा संग्रहालय राख्ने कुरालाई रणनीतिक महत्त्वको हिसाबले समेत हेरिएको थियो । लोकमार्ग छेवैको सार्वजनिक भूमिमा गैर-थारूहरूले विभिन्न संघसंस्था खोले पनि थारूहरूको पहिचान खुल्ने खालका सामुदायिक संघ खुलेका थिएनन् । त्यस सार्वजनिक थलोमा अरूहरूसँगै आफ्नो उपस्थिति पनि हुने र यसलाई राष्ट्रिय महत्त्वको योजनाको रूपमा अघि सार्ने रणनीति स्थानीय थारूहरूको थियो ।

गैर-थारूहरूको बाहुल्य भएको ठाउँमा थारूहरूलाई आफ्नो पहिचान बचाउन र जमाउन सहज थिएन । तर थारूहरूको समेत बलियो सहभागितामा भएको माओवादी विद्रोहको रापताप बाँकी रहेको र आदिवासी जनजाति आन्दोलन प्रखर रूपमा चलिरहेको राजनीतिक सन्दर्भले यसलाई बल पुगेको थियो । तैपनि थारू संग्रहालय खोल्ने विषयमा थारू र गैर-थारूबीच संघर्ष चर्कियो । एकतिर थारूहरूले सार्वजनिक थलोमा संग्रहालयको लागि बारबन्देज लगाउने, अर्कोतिर गैर-थारूहरूले बारबन्देज उखेल्ने काम पटक-पटक भयो । थारूहरूमाथि अपराध मुद्दा लाग्यो । बनेको संग्रहालयमा आगो लगाइयो । विवाद बल्झिरह्यो । विवादले उग्र रूप लिँदा थारू समुदायका एक सदस्यले ज्यान समेत गुमाए । बलिदानी संघर्ष गर्नु परे पनि अन्ततः थारू राष्ट्रिय संग्रहालय स्थापना भयो ।

यो लेख संग्रहालय स्थापना, आगजनी काण्ड र सो काण्डपछि थारूहरूको पहिचानको संघर्षमा केन्द्रित छ ।[१] यो लेख तयार पार्ने क्रममा संघर्षरत थारू अभियन्ताहरूसँग कुराकानी गरिएको थियो । साथै संग्रहालय निर्माण क्रममा गरिएका निर्णयलाई समेत आधार मानिएको छ । यो लेख सात भागमा संरचित छ । पहिलो खण्डमा डण्डा क्षेत्रमा थारूहरू कसरी अल्पमतमा पर्दै गए भन्ने चर्चा गरिएको छ । खास गरी नेपालमा राज्य स्तरबाट थालिएको औलो नियन्त्रण र पूर्व-पश्चिम लोकमार्ग बनाउने क्रममा दुम्किबास सडक खण्डको विस्तारले स्थानीय थारू समुदायलाई परेको असर विषयमा चर्चा गरिन्छ । दोस्रो खण्डमा थारूहरूको बाध्यात्मक बसाइँसराइले गर्दा पूर्व-पश्चिम लोकमार्ग वरिपरि थारू भूमिमा परेको संकट र तेस्रो खण्डमा संग्रहालयका लागि आवश्यक सार्वजनिक भूमि प्राप्तिको लागि गरिएको संघर्षको कथा छ । संघर्षपछि पहिचानको बिम्बको रूपमा निर्माण भएको थारू संग्रहालयको विकासबारे चौथो खण्डमा चर्चा गरिएको छ भने पाँचौं

[१] जवाफदेहिता निगरानी समिति नवलपरासीको प्रथम सचिव र कार्यक्रम संयोजक पदमा रहेर काम गर्ने सिलसिलामा यो आन्दोलनमा म एक दिन थारू कल्याणकारिणी सभा (थाकस) को नियन्त्रणमा रहेकी थिएँ, र मौकाले थाकस र ब्राह्मण दशनामीको वार्ता टोलीमा पनि उपस्थित हुने अवसर पाएकी थिएँ ।

र छैटौँ खण्डमा संग्रहालयमा आगजनी पछिको पुनर्निर्माण र संस्थागत विकासका लागि गरिएका प्रयत्नबारे चर्चा गरिएको छ । अन्त्यमा, थारू संग्रहालय स्थापनाको आन्दोलन समग्र पहिचान आन्दोलनको स्थानीय कथा मात्र होइन, यो पूर्व र पश्चिमका थारूहरूको सांस्कृतिक केन्द्र बनाउने अभियान पनि हो भन्ने तर्क गरिएको छ ।

## थारू भूमिबाट विस्थापन

नेपालमा थारूहरूको बसोबास पूर्वमा झापादेखि पश्चिममा कञ्चनपुर सम्मका तराईका २२ जिल्लामा छ । प्राकृतिक विषमतादेखि जंगली जनावरहरूसँग संघर्ष गर्दै आएका थारूहरू नेपालको दोस्रो ठूलो आदिवासी जनजाति समूहमा पर्दछन् । औलोको प्रतिरोधी क्षमता विकास गरेका थारूहरूको तराईको भूमिसँग अनौठो सम्बन्ध छ (सर्वहारी र चौधरी २०७४ : ११५) ।

नारायणगढ बजारबाट पश्चिम बुटवलतर्फ करिब ३७ किलोमिटरको दूरीमा पर्ने तराई क्षेत्रमा पनि औलोको प्रकोप हुँदा थारू बाहेक अन्य समुदायका कोही पनि बस्दैनथे । दुई चार दिन बस्न चाहनेले समेत ज्यान नै जोखिममा पार्नुपर्थ्यो । थारू बाहेक अन्य जातिले यो ठाउँतिर औँला देखाउँदा औँला समेत कालो हुन्छ भन्ने विश्वास थियो ।[२] तर थारूहरूलाई औलो लाग्दैनथ्यो । त्यसकारण डण्डा क्षेत्रमा २०१७ सालअघि पहाडबाट अरू समुदायको बसाइँसराइ सम्भव थिएन ।

लोकमार्गदेखि दक्षिण नारायणी नदी छेउ सम्मको फराकिलो फाँटमा थारू समुदायको मात्रै बसोबास थियो । थारूहरूले खानेपानीको अभाव, जंगली जनावरबाट असुरक्षा, बिरामी पर्दा उपचारको अभाव जस्ता समस्यासँग संघर्ष गरिरहेका थिए । यस्तो ठाउँमा कर उठाउन चाहिँ राज्य बेला-बेलामा आउँथ्यो । औलो उन्मूलन र कर प्रशासनमा कर्मचारीतन्त्रको प्रयोग हुन थालेपछि सत्ता-शक्तिको नजिक रहेका पहाडेलाई फाइदा भयो तर यस व्यवस्थाले थारूहरूलाई पाखा लगायो (गुणरत्ने सन् २००६ : ४४) । चितवनमा वि.सं.२०११ देखि नै औलो उन्मूलनको काम शुरू भयो । त्यसपछि औलो नियन्त्रण गर्न नवलपरासीको डण्डा क्षेत्रमा पनि नेपाल सरकारले अमेरिकी सरकारको सहयोगमा वि.सं. २०१७ देखि डीडीटी पाउडर छर्न शुरू गऱ्यो । यो क्रम वि.सं. २०४३ सम्म चलिरह्यो ।

औलोको प्रभाव कम हुन थालेपछि र पूर्व-पश्चिम लोकमार्गको दुम्किबास खण्ड बन्न थालेपछि वरिपरि बस्ती बढ्न थाले । यो क्षेत्रमा राज्यको तर्फबाट पुनर्वास समेत गराइयो । वि.सं. २०२० देखि २०२२ सम्म सरकारी पुनर्वास कम्पनीले डण्डा क्षेत्रमा एक परिवार बराबर चार बिघाको दरले जग्गा वितरण गऱ्यो । त्यो बेला ६५ घरधुरीलाई बसोबास

[२] गणेशमान महतोसँग नवलपरासीमा साउन ७, २०७५ मा गरिएको कुराकानी ।

गराइयो ।[३] त्यसरी बसोबास गराइएकामा ६४ गैर-थारू परिवार थिए भने थारूको एक परिवार मात्र थियो । धेरैजसो थारूहरू सरकारी सुविधाबाट वञ्चित भए ।

वि.सं. २०२८ देखि दुम्किबासबाट पूर्व तर्फको जंगल फडानी शुरू भयो । पश्चिमबाट शुरू गरिएको फडानीको काम २०३१ सालसम्म चल्यो । वि.सं. २०३२ मा पूर्व-पश्चिम लोकमार्गको दुम्किबास खण्ड बनाउन शुरू गरियो । लोकमार्ग कालोपत्रे हुन थालेपछि यो क्षेत्र बसोबासका दृष्टिकोणले मानिसको रोजाइमा पर्न थाल्यो । पहाडका मानिस बसाइँ सरेर आउन थाले । बसोबास बढ्दै जाँदा जंगल क्षेत्र क्रमशः मासिँदै गयो । त्यही ताका एउटा हल्ला फिजाइयो—लोकमार्गमा चल्ने मोटरगाडीमा चढेर भारतीय डाँका आउनेछन् र लुटपाट गरी फर्कने छन् ! त्यस हल्लाले थारूहरूमा असुरक्षा र डरको भाव पैदा भयो । अर्कोतिर सडक छेउमा घरबास बनाउँदा र खेतीपाती गर्दा गाईवस्तु चरेर बाली नोक्सानी हुने धारणा उनीहरूमा व्याप्त थियो । त्यसैले, धेरैजसो खेतीपाती गरी जीविका चलाउने थारूहरू लोकमार्ग वरिपरि बस्न सकेनन् ।

यिनै कुराको प्रभावले गर्दा थारूहरू लोकमार्ग छेउबाट भित्री भागमा सर्न थाले र सडक छेउका उपयोगी जग्गा बेच्न थाले । गाउँ तथा जंगलमा बस्न रमाउने थारूहरूले लोकमार्ग बन्नुलाई अभिशाप माने । उनीहरूलाई जग्गा बेच्न सकस भएन । अनेक हल्ला फैलाउने चलाख मानिस तथा पहाडबाट बसाइँ सरी आएकाहरू धमाधम जग्गा किनेर बस्न थाले । केहीले चामल, गाईवस्तुसित साटेर थारूको जग्गा लिए । अलिक पहिले आएका बाहिरियाहरूले सस्तोमा किनेर बढी दाममा बेच्ने पेशा नै अपनाए । यसले बाहिरियाहरूको बाहुल्य बढ्दै गयो । सडकमा मोहडा पर्ने जग्गा बेचेर रैथाने थारूहरू नारायणी नदीको छेउछाउ तथा जंगलतर्फ सर्दै गाउँमा सीमित हुँदै गए । "खास गरी औलो उन्मूलनपछि पहाडबाट तराई भेगमा अन्य जातिका मानिसहरू बसाइँसराइ गर्नाले थारू समुदायको जीवनशैलीमा परिवर्तन देखापर्नुका साथै दिनानुदिन गरिबी बढ्दै गएको हो" (सर्वहारी र झा २०६९ : १०५; प्याकुरेल सन् १९८२ बाट उद्धृत) ।

## भूमिको संकट

थारूहरू आफ्नो आदिभूमिबाट धकेलिँदै-धकेलिँदै जंगलको छेउछाउ पुगे । लोकमार्ग छेउछाउ उनीहरू पातलिँदै गए । २०६८ सालको जनगणना अनुसार कावासोती नगरपालिका वडा नं. १६ मा पर्ने थारू भूमि डण्डा क्षेत्रको जनसंख्या ४,२७२ रहेको छ, र परिवार संख्या ९२० छ । तर यहाँ थारूहरू थोरै संख्यामा छन् । यहाँ पहिलो स्थानमा ब्राह्मण-क्षत्री, दोस्रो

[३] वि.सं. २०३२ देखि डण्डामा बसोबास गर्दै आएका स्थानीय कृष्ण बहादुर दंगालसँग चैत १७, २०७५ मा गरिएको कुराकानी ।

स्थानमा दलित र तेस्रो स्थानमा आदिवासी जनजाति छन् । आदिवासी जनजातिमा नेवार, गुरुङ, घर्ती, मगर र थारूको बसोबास छ । पुरानो थातथलोका निजी सम्पत्ति गुमिसकेपछि सार्वजनिक जग्गाहरूमा समेत थारूहरूको पहुँच हुन छाड्यो । तर कतिपय अवस्थामा उनीहरूले छाडेर गएको ठाउँका सार्वजनिक सम्पत्ति जोगाउन पहल गरे । उदाहरणका लागि अन्य समुदायका सदस्यसँग मिलेर थारूहरूले पनि डण्डा क्षेत्रको सार्वजनिक सम्पत्ति जोगाउन पञ्चायत कालमै संघर्ष गरेका थिए ।

वि.सं. २०३८ सालमा हर्षबहादुर बुढाथोकी अध्यक्ष रहेको अधिकार-सम्पन्न जग्गा आयोग डण्डा क्षेत्रमा खट्यो । त्यो आयोगले पूर्व-पश्चिम लोकमार्गभन्दा उत्तरपट्टि खुला चउरको रूपमा रहेको जग्गालाई फिल्डमा बसेर कित्ता काट्दै नक्सा बनाउन थाल्यो । आठ जना भूमाफियाको नाममा कित्ताकाट गर्न लागिएको रहेछ । त्यही बेला पुगेका स्थानीयले सोधपुछ गर्दा जग्गा सर्वसाधारणलाई नदिई भूमाफियालाई दिन लागेको थाहा पाए । त्यही रहस्य थाहा पाएर थारू लगायत अन्य स्थानीयवासीले आयोगका मान्छेलाई लखेटे ।[४] स्थानीय जनताबाट विरोध भएपछि आयोगले काम गर्न पाएन । स्थानीयवासीले सोही जग्गा जोगाएर राखे । पछि त्यही जग्गा विभिन्न समाज र संस्थाको नाममा ओगट्ने काम भयो । ती समाज र संस्थामा पहाडेको बाहुल्य बढ्दै गयो । उनीहरूले सार्वजनिक सम्पत्तिमा विभिन्न सामुदायिक संस्था निर्माण गरे । हाल सो जग्गाको पूर्वतर्फ छेउमै नेपाल मध्यबिन्दु सामुदायिक स्मृति अस्पताल छ । दक्षिणतर्फ डण्डा बजार छ । पश्चिमतर्फ बसपार्क छ । बसपार्क नजिकै दलित सामुदायिक विकास केन्द्रको भवन तथा जनता माध्यमिक विद्यालय छन् । यस क्षेत्रमा बसपार्क, नयाँ सामुदायिक सब्जी मण्डी, सनराइज क्लबको भवन, शिव मन्दिर, बजार व्यवस्थापन समितिको शटर, जनता माध्यमिक विद्यालयको शटर रहेका छन् ।

सोही जग्गामा ओम शान्ति परिवार, सामुदायिक अध्ययन केन्द्र, दीपेन्द्र आधारभूत विद्यालय, अंकुर वन सामुदायिक महिला समूह र दलित सामुदायिक विकास केन्द्र पनि छन् । यही ठाउँमा थारू समुदायले पनि संग्रहालयको लागि जग्गा ओगट्न चाहेका थिए । त्यहाँको खाली जग्गाको घाँस बेचेर जनता माध्यमिक विद्यालयले लाभ लिँदै आएको थियो । स्थानीय समुदायले संघर्ष गरी जोगाएको सार्वजनिक जग्गामा थारूहरूले आफ्नो भन्ने केही अनुभूति गर्न पाएका थिएनन् । अत: उनीहरूमा पूर्वपश्चिम लोकमार्गको मध्यस्थानमा रहेको थलोमा आफ्नो उपस्थिति जनाउने भित्री चाहना थियो ।

[४] वि.सं. २०३२ देखि डण्डामा बसोबास गर्दै आएका स्थानीय कृष्णबहादुर दंगालसँग चैत १७, २०७५ मा गरिएको कुराकानी ।

## भूमिको लागि संघर्ष

अहिले हरेक किसिमका सामुदायिक भवन र स्कूल भएको सो जग्गामा २०६० को दशकमा थारूहरूले पनि आफ्नो पहिचान स्थापित गर्ने संरचना खडा गर्न चाहेका थिए। त्यस्तो चाहनाको पृष्ठभूमिमा उनीहरूको विशेष स्वार्थ पनि थियो। यो ठाउँ नेपालको मध्यस्थानमा पर्थ्यो। यहाँ थारू संग्रहालय बनाउँदा नेपालको पूर्वदेखि पश्चिम सम्मका थारूहरूको लागि ध्यान खिच्न सकिन्छ भन्ने आशय थियो।[५] दलित समुदायले सामुदायिक भवन बनाउँदा, पहाडेले क्लबको भवन, मन्दिर इत्यादि बनाउँदा आदिवासी थारू जातिमा पनि मौलिक पहिचान, सांस्कृतिक वस्तु, हस्तकला, पुराना गरगहनाको संग्रह गर्ने रुचि बढेको थियो। आधुनिक जीवनशैलीले थारूहरूका परम्परागत पहिरन र सांस्कृतिक वस्तु ओझेलमा पर्दै गएको थियो। यो आम थारूहरूका लागि चिन्ताको विषय भएको थियो। ती वस्तुको संरक्षण गर्न सकिएन भने लोप हुने र अन्ततः थारू पहिचान नै संकटमा पर्ने जोखिम अनुभूत गरिँदै थियो। त्यसैले लोप हुन लागेका संस्कृति, भेषभूषा, चाडबाड, पूजापाठ, धर्मकर्म, आफ्ना मूल्य-मान्यताको संरक्षण तथा भावी पुस्तामा तिनको हस्तान्तरण होस् भन्ने चाहना थारू जातिमा फैलिएको थियो। भावी पुस्तालाई हस्तान्तरण गर्न र अध्ययन अनुसन्धान गर्न संस्कृति झल्किने पुराना ती सबै सामान संग्रह गर्न थारू अभियन्ताहरू संग्रहालय बनाउन चाहन्थे।

संग्रहालय स्थापनाले थारूहरूको संस्कृति संरक्षण गर्ने र पहिचान मजबुत बनाउने मात्रै होइन उनीहरूको अधिकार सुनिश्चित गर्न पनि बल मिल्ने अपेक्षा थारू अभियन्ताहरूमा थियो। राज्य र पहाडी समुदायबाट अपहेलित भएको महसुस गरेका थारू समुदायमा संग्रहालय बनाउन सकेमा आत्मबल बढ्थ्यो र अपमानबाट लागेको घाउमा मलम लगाउन सक्थ्यो। पूर्व पश्चिम लोकमार्गको मध्यस्थानमा संग्रहालय हुँदा सबै तिरका थारूको लागि पायक पर्थ्यो र यो गैर-थारूहरूका लागि पनि इज्जतको विषय नै बन्थ्यो। त्यसैले उक्त जग्गामा थारू संग्रहालय बनाउने अठोट थारू अगुवाहरूले गरेका थिए।

अठोट अनुसार काम गर्न तत्कालीन राजनीतिक परिवेशले ठूलो भूमिका खेलेको मानिन्छ। माओवादी विद्रोह (२०५२–२०६२) ले आदिवासी जनजातिको अग्राधिकारको विषय उठाएको थियो। २०६२–२०६३ सालको जनआन्दोलन पश्चात् तत्कालीन माओवादी र सरकारबीच शान्तिवार्ता भई देश राजनीतिक परिवर्तनतर्फ उन्मुख थियो। त्यति बेला माओवादीको प्रभाव बढ्दो थियो। माओवादी सम्बद्ध कार्यकर्ता तथा नेतालाई स्थानीय जनताले विश्वास गर्न थालेका थिए। केही अप्ठेरा काम परेका बेला धेरैजसो मानिस माओवादी नेताहरूको सहयोग लिन चाहन्थे। सम्बन्धित सरकारी निकायमा माओवादीका नेताले भनसुन गरिदिए सहजै काम बन्नेमा धेरै विश्वस्त थिए। राजनीतिको मूलधारमा

[५] गणेशमान महतोसँग असार १३, २०७६ मा गरिएको कुराकानी।

आएको माओवादी पार्टीमा थारू समुदायका पनि कार्यकर्ता थिए। संग्रहालयका अध्यक्ष बनेका डण्डा क्षेत्रका खड्गबहादुर थनेत, कुलचन्द्र महतो र तिलकराम महतो तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्ति मानिन्थे।

यही राजनीतिक रापतापमा थारू संग्रहालय स्थापना गर्ने लक्ष्यका साथ थारू कल्याणकारिणी सभा (थाकस) ले पहल गऱ्यो। थारू समुदायको संयुक्त संगठनको रूपमा रहेको थाकस नवलपरासी जिल्ला निर्वाचन क्षेत्र नं. ३ का क्षेत्रीय अध्यक्ष पुष्परत्न महतोले फागुन ११, २०६४ मा डण्डा क्षेत्रका थारू जातिको भेला बोलाए। त्यो भेला साबिक अग्यौली गाविस वडा नं. ८ जोगीकुटी डण्डा (हाल कावासोती नगरपालिका वडा नं. १६) मा बसेको थियो। सो भेलाले डण्डा क्षेत्रमा एउटा संग्रहालय बनाउन सहमति दियो। भेलाले थाकस नवलपरासी जिल्ला अध्यक्ष खड्गबहादुर थनेतको संयोजकत्वमा जग्गा व्यवस्थापन तथा आर्थिक संकलन समितिको गठन गऱ्यो। थारू राष्ट्रिय संग्रहालय निर्माण समितिलाई सन्तुलित बनाउन पश्चिम नवलपरासीबाट पुरन चौधरीलाई सह-संयोजक पदमा राखियो भने रुपन्देही र चितवन सम्मका थारू अगुवालाई पनि समेटियो।

जेठ ४, २०६५ मा साबिक अग्यौली गाविस वडा नं. ८ रामजानकी मन्दिरमा खड्गबहादुर थनेतको नेतृत्वमा भएको बैठकले कावासोती नगरपालिका वडा नं. १६ शहीदनगर डण्डामा संग्रहालय निर्माण गर्ने निर्णय लियो। पूर्व सांसद तथा तत्कालीन नेकपा एमालेका नेता मझिलाल थारू थनेतको संयोजकत्वमा पाँच सदस्यीय संग्रहालय निर्माण समितिको गठन गर्नुका साथै जेठ ११, २०६५ मा त्यस जग्गाको चारैतर्फ तारबार बन्देज गर्ने पहिलो निर्णय गऱ्यो।[६]

लक्षित जग्गामा रहेको घाँसफुस झाडी सफा गर्न गाउँ-गाउँका थारूलाई एकत्रित गर्न थारू अगुवाहरूले मौखिक खबर गरे। गाउँका सबैजसो थारूहरूले डोरी, हँसिया, खुर्पी, कोदालो खन्तीजस्ता औजार घरैबाट लिएर गए। केहीले बारबन्देज लगाउन एक-एक ओटा भाटा लिएर गए, केहीले अरू आवश्यक सामान लिएर गए। संग्रहालय बनाउने ठाउँभन्दा टाढा-टाढा बस्ने थारू समुदायले टोल-टोलमा जम्मा गरी गाडा, साइकलमा निर्माण सामग्री जुटाए।

उनीहरूले जेठ ११, २०६५ मा भेला भई खाँबा, किल्ला गाड्दै पहिलो पटक बारबन्देज लगाए। करिब १ हजार काठका पोल गाडेर पाँच बिघा जग्गामा बारबन्देज गरियो। थारूहरूले बारबन्देज लगाएको भोलिपल्ट जेठ १२ गते जनता माविका विद्यार्थी र विद्यालय व्यवस्थापन समिति पदाधिकारी सहितको समूहले बारबन्देज भत्काउँदै खाँबा किल्ला उखेलेर लगे। सो जग्गाको घाँस बेचेर आम्दानी गर्दै आएको विद्यालयका लागि

[६] मझिलाल नेतृत्वको समितिमा सह-संयोजक पदमा खड्गबहादुर थनेत, सदस्य पदमा पदमलाल चौधरी, तिलकराम चौधरी र कुलचन्द्र महतो थिए।

थारूहरूले बारबन्देज लगाएर संग्रहालय बनाउन खोजेको दृश्य सह्य भएन। विद्यालयका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष चेतनाथ पोखरेलले भने, "विद्यालयको प्रयोजनका लागि हामी पहिलेदेखि नै जग्गा छेकेका थियौँ। हामीसित कुनै समन्वय नै नगरी थारूहरूले सो जग्गा कब्जा गर्न लागेकोले हामीले विरोध गरेका हौँ। नमानेपछि हामीले बारबन्देज उखालेर फालेकै हो।"[७]

तारबारबन्देज उखेलेर फालिएको घटनाको जानकारी पाएपछि करिब एक हजारको संख्यामा एकत्रित भएका थारूले पुनः तारबारबन्देज गरेर आफ्नो स्वामित्व रहेको देखाए तर विवाद समाधान भएन। भित्रभित्रै आगो सल्किरह्यो र जग्गा बार्ने भत्काउने क्रम चलिरह्यो। विवादकै क्रममा जनता माविका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षलाई दोषी ठानियो र उनीहरू लुक्दै हिँड्नुपर्‍यो।

यो सार्वजनिक जग्गा रहेको स्थानभन्दा पश्चिममा दलित समुदायले जग्गा छेकेका थिए। नजिकै मध्यबिन्दु सामुदायिक अस्पतालले जग्गा छेकेको थियो। बीचमा खाली रहेको फाँटमा थारूहरूले जग्गा छेक्न फेरि सफाइ गरिरहेको बेला केही मानिसको एउटा हुल आयो। यस ठाउँमा जग्गा नछेक भन्दै त्यो हुलले थारूहरूमाथि आक्रमण गर्‍यो। झडपमा पाँच जना थारू युवा घाइते भए। उपचारका लागि अस्पताल भर्ना गर्नुपर्‍यो। थारूहरूमाथि आक्रमण गर्नेमा डण्डाका पहाडे समुदायका मानिसहरू थिए।

झडप लगत्तै इलाका प्रशासन कार्यालय (इप्रका) कावासोतीमा थारूहरूमाथि सार्वजनिक अपराधमा मुद्दा परेको खबर आयो। थाकसका जिल्ला अध्यक्ष तथा जग्गाको खोजी गर्न बनेको समितिका संयोजक खड्गबहादुर थनेत सहित दश जनामाथि जाहेरी परेको थियो। सार्वजनिक अपराधको मुद्दा दर्ता नगर्दै प्रहरीले छलफलका लागि बोलायो। इप्रका कावासोतीमा दुवै पक्षबीच जेठ २५, २०६५ मा छलफल चल्यो। छलफल पश्चात् दुवै पक्ष आ-आफ्ना स्थानमा सीमित भएर बस्ने तथा आगामी दिनमा थारूहरूविरुद्ध असभ्य र हेप्ने किसिमका भाषा प्रयोग नगर्ने सहमति भयो। सहमति भएर आ-आफ्ना स्थानमा सबै फर्के तर विवाद भने समाधान भएन। भित्रभित्रै आगो सल्किरह्यो।

झडपको घटना र प्रहरीमा मुद्दा पर्नुले जग्गा पाउने वा नपाउने कुरा पेचिलो बन्दै गयो। यसको पूर्ण समाधानका लागि शक्ति प्रयोग गर्नुपर्ने निष्कर्ष सहित थारूहरूले राजनीतिक पहुँचको खोजी गर्न थाले। यसका लागि संग्रहालय निर्माण समितिका सह-संयोजक एवं थाकस जिल्ला अध्यक्ष खड्गबहादुर थनेतलाई उपयुक्त व्यक्ति मानियो। थनेत तत्कालीन नेकपा माओवादी पार्टी निकट थिए। माओवादी अध्यक्ष प्रचण्ड डण्डास्थित एक विद्यालयमा शिक्षक भई अध्यापन गरेका बखत थनेतसँग सामिप्य थियो। यसैले थनेतलाई स्थानीय मानिसहरू राजनीतिक पकड र पहुँच भएका मानिसको रूपमा हेर्थे। त्यस बेला भर्खरै

[७] पोखरेलसँग कात्तिक १०, २०७५ मा गरिएको कुराकानी।

शान्तिवार्ता भई माओवादी खुला राजनीतिमा प्रभावशाली रूपमा उपस्थित भएको थियो। यस्तो अवस्थामा अरू कसैले सामुदायिक वनको जग्गा रोक्दैमा थनेत रोकिने मनस्थितिमा थिएनन्। उनी समुदायिक र राजनीतिक तारतम्य मिलाउँदै अगाडि बढ्दै गए। सामुदायिक उद्देश्य पूर्तिका लागि आँटेको काममा खटिरहे।

## पहिचानको बिम्बको रूपमा संग्रहालय

संग्रहालय स्थापनाका लागि लक्षित जग्गामा गरिएको बारबन्देज उखेलेर फालिएको घटनाको भोलिपल्ट जेठ १३, २०६५ मा थाकस केन्द्रीय समितिले पूर्व सांसद मझिलाल थारू थनेतको नेतृत्वमा संग्रहालय स्थापनाको लागि व्यवस्थापन समितिको गठन गऱ्यो। त्यस बेला मझिलाल थाकसका केन्द्रीय महामन्त्री थिए। सोही दिन मझिलाल थारू थनेतको संयोजकत्वको थारू राष्ट्रिय संग्रहालय निर्माण समितिको बैठक बस्यो। संग्रहालय स्थापनाको काम अगाडि बढाउन थाकसमाथि समुदायको दबाब थियो। यसका लागि यो समितिलाई संग्रहालय स्थापना गर्ने जिम्मेवारी आएको थियो। त्यसैले जेठ १३ मा बसेको समितिको बैठकले बारबन्देज उखेलेर फालिएको घटनाको निन्दा गर्दै फाल्ने समूहले नै गाड्नुपर्ने निर्णय लियो। त्यसको पाँच दिनभित्र बारबन्देज ठीक नपारे थारू समुदायबाट बारबन्देज पुन लगाउने र कुनै अवरोध आए सशक्त प्रतिकार गर्ने निर्णय गरियो।

संग्रहालयको जग्गा ओगट्ने क्रममा उब्जेको विवाद समाधानका लागि केही नेता अगाडि आए। तिनको सहभागिता र सक्रियता बढेपछि यस सम्बन्धी विवाद मत्थर भयो। थारू समुदायले आफूहरू सफल र सबल भएको महसुस गरे। यसै क्रममा बाहिरिया केही मान्छेलाई पछि प्रस्ट भयो—यो जग्गा थारूले संग्रहालयका लागि ओगटेका रहेछन्। यसले गर्दा यो जग्गा थारू समुदायको पहिचानको रूपमा सधैँका लागि चिनियो। ढुक्क भएपछि थारू समुदायले यस स्थानमा संग्रहालयको स्थापना गर्ने काम अगाडि बढाउने भए। उनीहरूले निर्माणकार्य सकेसम्म कम खर्चमा गर्ने योजना बनाए। किफायतीका लागि भवनको छानो फुसको बनाउने निर्णय भयो।

संग्रहालय निर्माण समितिले जग्गाको भोगाधिकार प्राप्त गर्न थाकस केन्द्रीय कार्यसमितिलाई अनुरोध गर्ने निर्णय गऱ्यो। काम सम्पन्न गर्न राजनीतिक दलको सहमति जुटाउने उद्देश्यले जिम्मेवारी तोक्ने काम भयो। तत्कालीन नेकपा एमालेको सहमति जुटाउन मझिलाल थारू थनेतको जिम्मा दिइयो। त्यस्तै, नेपाली काँग्रेसको सहमति जुटाउन कमल गुरौ र पतिराम महतोलाई जिम्मा लगाइयो। जनमोर्चा नेपालका लागि खड्गनारायण महतो, राष्ट्रिय जनमोर्चाका लागि विकाराम चौधरी, तत्कालीन नेकपा माओवादीका लागि कुलचन्द्र महतो, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) का लागि पुरन चौधरी र जनमुक्ति पार्टीका लागि धनिराम महतोलाई जिम्मेवारी दिइयो।

प्रस्तावित थारू संग्रहालयको लक्षित भूमिमा आम जनसमुदायको उपस्थितिमा जेठ २५, २०६५ मा तारबार लगाउने र शिलान्यास गर्ने कार्यक्रम तय भयो। त्यस कार्यक्रमको अगुवाइ थारू कल्याणकारिणी सभाका केन्द्रीय अध्यक्षबाट हुने निर्णय भयो। संग्रहालय निर्माण गर्दा जातजाति संघसंस्था र सरकारी निकायसँग व्यापक रूपमा सम्पर्क, समन्वय र सहकार्य बढाउँदै जाने योजना बनाइयो। जनसहभागिता गराउने जिम्मा थाकस क्षेत्रीय समितिलाई दिइयो।

त्यस्तै, मझिलाल थारू थनेत संयोजक रहेको समितिले संग्रहालय भवन निर्माण गर्ने कामलाई व्यवस्थित बनाउने तय भयो। आर्थिक उपार्जनका लागि महोत्सव लगाउने निर्णय गर्दै खड्गबहादुर थनेतलाई गाउँ-गाउँबाट चन्दा उठाउने जिम्मेवारी दिइयो।

संग्रहालय निर्माणको लागि आवश्यक रकम उठाउने शुरूआत नै चन्दा-दानबाट भयो। सर्वप्रथम सिरथान कुमारवर्ती माई देवी संरक्षण समिति, नवलपुर गुठी संस्थानले १५ हजार रुपैयाँ दान दियो। दाताले नगदसँगै कार्यालयका लागि टेबुल, कुर्सी, पंखा, सिमेन्ट लगायत जिन्सी सामान दियो।

व्यवस्थापन समिति जितिया नाचको प्रचार प्रसार गर्ने, एउटा भवन बनाउने तथा त्यस भवनमा थारू समुदायको इतिहास झल्कने वस्तु, चित्र, गरगहना, भेषभुषा तथा वस्तु संग्रह गर्ने अभियानमा जुट्यो। यसै क्रममा थारू संस्कृतिसँग सम्बन्धित गरगहना, थारू जातिले प्रयोग गर्ने भाँडाकुँडा तथा विभिन्न किसिमका औजार संकलन गरी थारू संग्रहालयमा स्थायी रूपमा प्रदर्शनका लागि राखियो। एक घर एक सामान अभियान चलाएर संकलन गरिएका ती सबै सामानमा नाम लेखेर फुसको घरमा सजाइयो।

यसरी पटक-पटकको संघर्षबाट संग्रहालय स्थापना भयो। यसले राष्ट्रिय चासो समेत बटुल्यो। यसको विकासका लागि केन्द्र सरकारले असार १६, २०६७ मा बजेट छुट्ट्यायो। नेपाल सरकार संस्कृति मन्त्रालयले रु. पाँच लाख अनुदान दिने भयो। सरकारी सहयोगले थारू अगुवाहरूको आत्मबल बढायो भने संग्रहालयको विकासमा थप टेवा पुग्ने नै भयो। संग्रहालयको नाममा बैंक खाता नरहेकोले चन्दाबाट आएको रकम अध्यक्ष र कोषाध्यक्षले राख्ने गर्थे। अब बैंक खाता पनि शुरू भयो।[८]

आर्थिक सहयोग आउन थालेपछि भदौ १९, २०६८ मा थारू संग्रहालयको व्यवस्थापन समितिका अध्यक्ष मझिलाल थारू थनेतको अध्यक्षतामा बैठक बस्यो। सो बैठकले पुस २० देखि महोत्सव सञ्चालन गर्ने निर्णय गऱ्यो। पुस २० देखि २९ गतेसम्म थारू संस्कृति महोत्सव सञ्चालन गरियो। महोत्सवबाट उठेको रकमको सहयोगमा ऐतिहासिक थारू जातिको नवलपरासी डण्डामा थारू राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र बन्यो। सोही समयतिर संग्रहालय स्थापनाको लागि ५७ फीट लम्बाई तथा १९ फीट चौडाइको डोंढइरी

[८] संग्रहालय सदस्य सिताराम महतोसँग असोज १७, २०७५ मा गरिएको कुराकानी।

(फुसको) घर बनाउने निर्णय गरियो ।[९] बैठक कक्षका लागि ३३ फीट लामो र १९ फीट चौडाइ भएको घर बनाउने गरी नक्सांकन गरियो ।

## आगजनीको घटना

तराई मधेसमा तीन ओटा थरूहट प्रदेश स्थापना गर्ने लगायतका माग राखी नेपाल सरकारलाई दबाब दिने उद्देश्यले नवलपरासीमा थारू संयुक्त संघर्ष समितिको आह्वानमा वैशाख २६, २०६९ मा एकदिने बन्दको आह्वान गरिएको थियो ।[१०] तर सोही दिन ब्राह्मण-क्षत्री दशनामी ठकुरीहरूद्वारा गठित राष्ट्रिय अखण्डता र जातीय सद्भावका लागि संयुक्त संघर्ष समितिले बुटवलमा लुम्बिनी अञ्चलस्तरीय आमसभा आयोजना गरेको थियो । बन्द आह्वान गरिएको दिनमा बस लैजान दिने विषयमा २०६९ वैशाखको पहिलो हप्तामा सौराहा, चितवनमा थारू समुदाय तथा ब्राह्मण-क्षत्री समुदायका अगुवाहरूको बैठक बसेको थियो । सो बैठकमा बन्दको दिन आन्दोलनकारीलाई लिएर बुटवल जाने बसमा चिनिने गरी ब्यानर टाँग्ने, गाडीको नम्बर र चालकको नाम डण्डामा बसेका आन्दोलनकारीसित टिपाएर जाने सहमति भएको थियो ।

वैशाख २६ गते गैंडाकोटबाट हिँडेका ब्राह्मण-क्षत्री दशनामी ठकुरीहरू चढेका छ ओटा बस ब्यानर टाँगेर डण्डा पुगेका थिए । ती बसहरू आ-आफ्ना नम्बर टिपाएर बुटवलतर्फ लागे । तर, सातौँ बस भने पूर्व सहमति पालन नगरी डण्डा पुग्यो । ब्यानर नभएका कारण उक्त बस डण्डामा रोकिनु पऱ्यो । बसका यात्रुहरूले बाटोका लागि दबाब सिर्जना गर्न होहल्ला गर्न थाले । त्यस बेला अधिकांश थारू आन्दोलनकारी खाना खान गएको बेला थियो । प्रहरीको समेत उपस्थिति नरहेको बेला बढेको तनाव अन्ततः द्वन्द्वमा परिणत भयो ।[११]

आक्रोशित भीड थारू संग्रहालयतर्फ अगाडि बढ्यो । भीडले संग्रहालयमा तोडफोड र आगजनी गऱ्यो । त्यसै सिलसिलामा संग्रहालय भवनका दुई ओटा ढोकामा तोडफोड भयो, भवनभित्र राखिएका एउटा काठे दराज, २४ थान प्लास्टिकका कुर्सी, भित्तामा टाँसिएका दश ओटा तस्विर, ४३ थान साइकलसँगै आन्दोलनमा प्रयोग गरिएका टेन्ट, माइक, साउण्ड बक्स तोडफोड गरिए ।

पक्की भवन सँगैको फुसको छानो भएको खडाईको भित्ता भएको घरमा आगजनी हुँदा पूरै भवन जल्यो । त्यसमा रहेका छितरी, मउनी, ढरिया, झोकी, ठाट, गोगइली, खोबडी,

[९] संग्रहालय उपाध्यक्ष नासीराम महतोसँग चैत १४, २०७५ मा गरिएको कुराकानी ।

[१०] थारूहरूको बन्द लगत्तै वैशाख २८ देखि ३० गतेसम्म ब्राह्मण, क्षत्री, दशनामी समुदायले पनि बन्दको आह्वान गरे ।

[११] थारूका सामाजिक अगुवा राजकुमार महतोसँग मंसिर २४, २०७५ मा गरिएको कुराकानी ।

ठेकी, छतरी, मचिया, मोढा, बिठयी, चौकी, थवना, ढेंका, जाँतो, माछा समात्ने जाली, सिलौटा, बेडा, थारू ढडेरीजस्ता थारू संस्कृतिसँग सम्बन्धित सामग्री सबै नष्ट भए (हेर्नुहोस् अनुसूची १) । तरकारी राख्ने काठको गाग्रो, तेल राख्ने काठले बनेको डोक्सी, पिउने पानी राख्ने माटोले बनेको गल्थरी, हलो, जुवा, खटिया, भोजभतेर तथा मर्दापर्दाको बेला खाना खान प्रयोग हुने जंगली भोर्लाको पात, चप्पलको साटो खुट्टामा लगाउने काठका खराउ पनि बचेनन् ।

थारू संग्रहालयमा भएको आगजनीमा कसको हात छ राम्ररी छानबिन नै भएन । जग्गाबारे विद्यालयसँग पहिलेदेखि नै ठाकठुक परिरहेकै थियो जसको नेतृत्वमा पहाडी समुदायका मानिस थिए । आक्रोशित भीडमा पनि गैंडाकोटका ब्राह्मण-क्षत्री दशनामी ठकुरीहरू नै थिए । यस आगजनीलाई डण्डाको सार्वजनिक जग्गा ओगट्ने बेलामा सिर्जना भएको द्वन्द्वसित जोडेर हेरियो ।[१२] संग्रहालय तारबार उखेलेर फालिएको र भवनमा आगजनी गरिएको घटनाले थारू समुदाय मर्माहत भए । आफ्नो थातथलोमा सांस्कृतिक धरोहर स्थापना गरिएको केही समयमै दोस्रो पटक भएको आक्रमणले थारूलाई फेरि नराम्ररी झस्कायो ।

वैशाख २६, २०६९ मा भएको घटनापछि आक्रोशित थारू समुदायले आक्रमणको विरोधमा तराई बन्दको आह्वान गरे । समाधान तथा द्विपक्षीय सम्बन्ध सुधारका लागि इलाका प्रहरी कार्यालय कावासोतीमा वैशाख २७ गते बैठक आयोजना गरियो । बैठकमा थारू आन्दोलनका अगुवा र ब्राह्मण-क्षत्री समुदायका अगुवाहरूले आपसी समन्वयको अभावमा झडप हुन गएको निष्कर्ष निकाले ।[१३]

तर कुरा यतिमै सकिएन । वैशाख २७ गते थारूहरूको प्रदर्शनमाथि दमन हुँदा कुरा लम्बियो । अघिल्लो दिनको घटनालाई लिएर कावासोती इलाका प्रहरी कार्यालयमा छलफल भइरहेको बेला बाहिर प्रदर्शन हुँदै थियो । थारूहरूले आफ्नो पहिचानमाथि भएको आक्रमणको विरोध गर्दै र दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन गरे । इलाका प्रहरी कार्यालयमा जारी बैठकलाई दबाब दिन केही थारू प्रदर्शनकारीहरू डण्डाबाट कावासोतीतर्फ आइरहेका थिए । ती प्रदर्शनकारीको समूहमाथि प्रहरीले गोली चलायो । प्रदर्शनमा सहभागी धनबहादुर थनेतको ज्यान गयो । थारू संयुक्त संघर्ष समितिका सदस्य एवं प्रत्यक्षदर्शी राजकुमार महतो भन्छन्, “भीड नियन्त्रणको नाममा सामान्य चरण पनि पूरा नगर्दा एक जनाको ज्यान गयो, केही मानिस घाइते भए” (हेर्नुहोस् अनुसूची २) ।

डण्डा घटनाको छानबिन गर्न नवलपरासी प्रमुख जिल्ला अधिकारी, राजनीतिक दल र मानवअधिकारकर्मीहरूको संयुक्त बैठकले अनुसन्धान समिति बनायो । उक्त समितिले

[१२] कृष्णबहादुर दंगालसँग वैशाख १५, २०७६ मा गरिएको कुराकानी ।

[१३] बैठकमा प्रमुख जिल्ला अधिकारी शशिशेखर श्रेष्ठ, सशस्त्र सीमा प्रहरी बल प्रहरी उपरीक्षक नेत्रबहादुर खत्री, जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्र विक्रम शाह सहभागी थिए ।

घटनामा बल प्रयोग भएको भनी प्रतिवेदन सार्वजनिक गर्दै प्रशासनलाई बुझायो । प्रतिवेदनमा भीड नियन्त्रण गर्न पालना गर्नुपर्ने प्रारम्भिक चरण पूरा नै नगरी प्रहरीले गोली चलाएको तथ्य खुलाइएको छ ।[१४]

वैशाखदेखि कात्तिक २०६९ सम्म संग्रहालयको काम अघि नबढेको देखिन्छ, तर यसको कारण प्रस्ट छैन । थाकसका एक सदस्यका अनुसार थाकस र संग्रहालयबीच केही मन मुटाब भएर संग्रहालयका पदाधिकारीको बैठक बस्न नसकेको हो । थाकस जिल्ला समितितको अगुवाइमा संग्रहालयलाई अगाडि बढाउने काम भएकोले र संग्रहालयको पदाधिकारी पनि थाकसको नेतृत्व गर्ने व्यक्तिहरू एउटै भएकोले मतमतान्तर रहेको थियो । साथै, शहीदको दाहसंस्कारमा थाकस र संग्रहालय दुवैका पदाधिकारी उपस्थिति रहेको तर संग्रहालयका अध्यक्ष एक्लैको उपस्थितिमा राज्यको सहयोग शहीद परिवारलाई हस्तान्तरण गरेकोले पनि थाकसका अगुवाहरूबीच मन मुटाब भएको थियो र संग्रहालयको बैठक बस्न सकेको थिएन । पछि पुनः थाकसका अगुवा खड्गबहादुर थनेतबाट पुनर्निर्माणका लागि अघि सरेको थियो ।

## आगजनीपछि पुनर्निर्माण र संस्थागत विकास

आक्रमण र आगजनीपछि देश विदेशमा रहेका थारू समुदायले संग्रहालयको पुनर्निर्माणमा सहयोग गरे । कात्तिक ११, २०६९ मा संग्रहालयको दक्षिणपट्टि लोकमार्गतर्फ व्यापारिक प्रयोजनका लागि प्रवेशद्वारको दुवैतर्फ टहरा निर्माण कार्य शुरू भई भवनको पिल्लर उठाइयो । थारू राष्ट्रिय संग्रहालय पुनर्निर्माणका लागि संग्रहालय समितिले नेपाल सरकारसँग जेठ ७, २०७१ मा सहयोग रकम माग गऱ्यो । त्यसमा शहीद धनबहादुर थनेतको शालिक निर्माण गरी थारू राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र स्थापना गर्ने योजना पनि समावेश थियो । संग्रहालय पुनर्निर्माणको लागि कावासोती नगरपालिकासित पनि आर्थिक सहयोगको माग गरियो ।

कात्तिक ६, २०७२ मा संग्रहालय र नेपाली प्रवासी संघ थारू समाजको संयुक्त आयोजनामा बसेको आकस्मिक बैठकले राष्ट्रिय थारू संग्रहालयको संरक्षण र विकास निर्माण योजनामा सहयोग गर्ने निर्णय गऱ्यो । प्रवासी थारू समाजको सहयोगमा संग्रहालय प्रवेशद्वारको गेट निर्माण भयो । बुद्धको मूर्ति स्थापना गरी मूल गेटदेखि बुद्धको मूर्तिसम्मको बाटो ग्राभेल गरियो ।

[१४] "मानवअधिकार जिल्ला अनुगमन समिति नवलपरासीको प्रतिवेदन" शीर्षकको सो प्रतिवेदनको सार अनुसूची ३ मा हेर्नुहोला । म स्वयं पनि सो समितिको एक सदस्य थिएँ ।

वैशाख २०७३ भित्र नवलपुरको तमासपुरदेखि, अग्यौली, कावासोती, भेडाबारी सम्मका स्थानीय थारू बासिन्दासँग संग्रहालयको लागि मौसमी चन्दा उठाइयो । नवलपुर क्षेत्रबाट उठेको मौसमी चन्दाबाट ५ लाख ६ सय ३६ रुपैयाँ संकलन भएको थियो ।

यसरी संग्रहालयको पुनर्निर्माण गरियो । संग्रहालयको परिसरमा थारू कल्याणकारिणी समितिले महोत्सवको आयोजना गर्दै संग्रहालयको लागि विभिन्न सामग्री पुनः संग्रह गऱ्यो ।[१५] ती संग्रहित सामग्री स-शुल्क टिकट लिएर हेर्न पाइने व्यवस्था गरियो । अहिले पनि शुल्क तिरेर कार्यालय समयमा संग्रहालयको अवलोकन गर्न पाइन्छ ।

संघर्ष पश्चात् शुरूआती नेतृत्वले राष्ट्रिय संग्रहालय निर्माणको एक चरणको काम गरेको थियो । यसले जग्गा प्राप्तिको संघर्ष, संग्रहालयको निर्माण आदि कामको अगुवाइ गरेको थियो । यसका नेतृत्वकर्ता मझिलाल थारूको पदावधि सकिएकोले नयाँ कार्यसमितिको चयन गर्न पुस २०, २०६९ मा भेला बोलाइयो । भेला बोलाएको दिन यातायात बन्द रहेको हुँदा गणपुरक संख्या नपुग भई स्थगित गरियो । माघ ६, २०६९ मा अर्को बृहत् भेला बोलाउने निर्णय गरे पनि तोकिएको समयमा भेला हुन सकेन । अन्ततः पुस २२, २०७१ मा अधिवेशनका लागि भेला बस्यो । भेलाले मझिलालको समितिको विघटन गर्दै खड्गबहादुर थनेतको नेतृत्वमा तदर्थ कार्यसमितिको गठन गऱ्यो । उनले संग्रहालयका लागि बनेको जग्गा व्यवस्थापन समितिको अध्यक्ष भएर एक कार्यकाल काम गरेका थिए । र विभिन्न संघर्षका कार्यक्रममा नेतृत्त्वदायी भूमिका खेलेका थिए ।

आफ्नो कार्यअवधि पूरा नहुँदै साउन २०७३ मा खड्गबहादुर थनेतको मृत्यु भयो । अध्यक्षको देहावसान भएपछि समिति स्वतः विघटन भयो । साउन ३२, २०७३ मा उपाध्यक्ष नासीराम महतोको अध्यक्षतामा बैठक बसी कुलचन्द महतोलाई अध्यक्ष मनोनीत गरियो । समितिका अन्य पदमा पुरानो समितिका अधिकांश व्यक्ति नै छानिए । अध्यक्षको जिम्मेवारी पाएका महतोलाई संग्रहालय जिल्ला प्रशासन नवलपरासीमा दर्ता नभएको कुरा खट्कियो । त्यसैले भदौ २७, २०७३ मा संस्थाको नामकरण, संस्थाको विधान मस्यौदा गर्ने काम, र संग्रहालयको मास्टर प्लान तयार गर्न थालियो । त्यसपछि संघसंस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम फागुन ४, २०७३ मा विधिवत् रूपमा थारू राष्ट्रिय संग्रहालय अध्ययन केन्द्र दर्ता भयो ।

दर्ता प्रमाणपत्र प्राप्त गरेको छ महिनाभित्र भदौ ५, २०७४ मा डण्डामा राष्ट्रिय थारू संग्रहालय समितिको प्रथम अधिवेशन भयो । अधिवेशनमा डण्डा क्षेत्रमा बसोबास गरेका थारूको उल्लेख्य उपस्थिति थियो । अधिवेशनमा संग्रहालयको विकास, संरक्षण र संवर्धनका लागि सहयोग जुटाउने तथा थारू पहिचानको रणनीतिलाई अगाडि बढाउने निर्णय गरियो ।

[१५] संग्रहालयमा इतिहास झल्कने वस्तु, चित्र, गरगहना, थारूका विभिन्न भेषभूषा, पहिरन तथा वस्तुको चित्र, नमूना संग्रहित छन् ।

अधिवेशनले संग्रहालयको अध्यक्ष पदमा थारू आन्दोलनमा लामो समयदेखि सक्रिय र समर्पित कार्यकर्ता कमलराज गुरौलाई सर्वसम्मत चयन गऱ्यो । गुरौको अध्यक्षतामा भदौ ३१, २०७४ मा अर्को कार्यसमिति गठन भयो । संग्रहालय स्तरोन्नति काम गर्नु यो कार्यसमितिको दायित्व थियो । यसको लागि कार्यसमिति सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखरामा दुई करोडको प्रस्तावना पेश गऱ्यो । तर सो दुई करोडको डीपीआर तयार नभएकोले प्रदेश सरकारले संग्रहालयका लागि आ.व. २०७५/०७६ मा दश लाख रुपैयाँ मात्र बजेट विनियोजन गरिदियो । सो रकमबाट सोध भर्ना हुने गरी हाल संग्रहालयको भवन तथा कार्यालय भवनको मर्मत कार्य भएको छ ।

संग्रहालय स्थापनाको क्रममा शहीद भएका धनबहादुर थनेतको शालिक थारू राष्ट्रिय संग्रहालय अध्ययन केन्द्रको प्रांगणमा माघ १, २०७५ मा स्थापना गरियो । माघी महोत्सव २०७५ को अवसरमा थाकस केन्द्रीय सदस्य वीरेन्द्र चौधरी, सुस्ता पूर्व नवलपुरका जिल्ला थाकस अध्यक्ष रामप्रसाद महतो सहितले संयुक्त रूपमा शहीद थनेतको शालिक अनावरण गरे ।

शालिक अनावरण समारोहमा उपस्थित समुदायलाई “थारूहरूको विकास गर्न हामी आफैबाट शुरूआत गरौँ, हाम्रो सानो सहयोगले हाम्रो इतिहास झल्काउने संग्रहालय पुनर्निर्माणमा सहयोग पुग्छ” भनेर सहयोगको लागि अपिल गरियो ।[१६] यो अपिलबाट राष्ट्रिय थारू संग्रहालय संरक्षण अभियान अन्तर्गत ५ लाख १५ हजार रुपैयाँ रकम संकलन भयो । गैंडाकोट भेडाबारीका समाजसेवी रूपनारायण महतो र उनकी श्रीमती रोमकुमारी महतोले संग्रहालयको मूल गेटमा चेनल गेट बनाइदिने बाचा गरे । यसरी संग्रहालयको भौतिक र सांगठनिक रूपमा संस्थाको संस्थागत विकास र पुनर्निर्माणले विभिन्न संघर्षपछि एउटा लय समातेको छ ।

## निष्कर्ष

नेपाली राज्यमाथि आफ्ना अधिकार स्थापित गराउन चरणबद्ध आन्दोलन गरेका थारूहरूले थालेको संग्रहालय स्थापना गराउने प्रयास मूलतः स्वपहिचानको लागि थियो । संग्रहालय स्थापना स्वपहिचानमा मात्रै केन्द्रित थिएन, यसको रणनीतिक महत्त्व पनि छ । संग्रहालय स्थापना गरिएको नवलपरासीको डण्डा क्षेत्र पूर्वपश्चिम सडकको बीचमा रहेकाले यसले राष्ट्रिय महत्त्व पनि राख्थ्यो । पूर्वपश्चिम तराईमा फैलिएका थारू समुदायको सांस्कृतिक केन्द्रको रूपमा यसलाई स्थापित गर्न सकिने आकांक्षा थारू समुदायमा थियो । अरू

[१६] वीरेन्द्र चौधरीसँग मंसिर २४, २०७५ मा गरिएको कुराकानी ।

ठाउँमा जग्गा भए पनि पूर्वपश्चिम लोकमार्गको केन्द्रमा पर्ने डण्डामै सांस्कृतिक केन्द्र खोल्न उनीहरूले संघर्ष समेत गरे ।

नवलपरासीको डण्डामा संग्रहालयको स्थापना स्थानीय संघर्षलाई राष्ट्रिय मान्यता दिने गरी भएको थारू आन्दोलनको संघर्षको प्रतिबिम्ब हो । यसको लागि लामो संघर्ष गरिएको थियो । संग्रहालयको विकासको क्रममा पनि अनेकौँ बज्रपात हुन गएपछि थारूहरू कठिन संघर्षका लागि तयार हुनु परेको थियो । संग्रहालय बनाउन उनीहरूले गैर थारू समुदायसँग जुझ्नुपऱ्यो भने राज्यसँग अनेक माग राख्नुपऱ्यो । यसरी आफ्नो जातीय र सांस्कृतिक पहिचान झल्काउने र तिनको संरक्षण गर्ने संग्रहालय स्थापनाका लागि समेत पटक-पटक आन्दोलनमा होमिनुपऱ्यो र बलिदान समेत दिनुपऱ्यो । अतः थारू संग्रहालय स्थापनाको आन्दोलन समग्र पहिचानको आन्दोलनको स्थानीय कथा त हो नै संग्रहालयलाई राष्ट्रिय रूप दिने संघर्षको इतिहास पनि हो ।

यसको सन्देश हो—थारू समुदाय आफ्नो ज्ञान संस्कृति र परम्पराको दिगो संरक्षण र संवर्धन गर्न प्रयत्नशील छन् । यस प्रयत्नको संस्थागत स्थायित्व र दिगोपनाका लागि संग्रहालय राखिएको जग्गाको भोगाधिकार पनि जरुरी हुन्छ । संग्रहालयको पुनर्निर्माण र पुनर्स्थापना गरी व्यवस्थित संग्रहालय बनाउनु थारू आन्दोलनको हिस्सा बनेको छ ।

संग्रहालय भवन रहेको जग्गाको भोगाधिकार प्राप्तिको प्रक्रिया अगाडि बढेको छ । उक्त सार्वजनिक जग्गामा कसैको दाबी विरोध छैन भने सरकारले भोगाधिकार दिने सम्भावना बढी हुन्छ । सरकारी प्रक्रिया पूरा गरेर ५० वर्षका लागि लिजमा दिने सरकारी नीति अनुरूप संग्रहालयले भोगाधिकार पाउन सक्छ ।

## धन्यवाद

अनुसन्धान र लेखन क्षमता विकास गर्न सघाउने मार्टिन चौतारीलाई धन्यवाद छ । विभिन्न सूचना तथा जानकारी दिने नवलपरासी जिल्लाको थारू कल्याणकारिणी सभाका पदाधिकारीका साथै कावासोती डण्डाका थारू अगुवाहरू मझिलाल थारू थनेत, गणेशमान महतो, कमलराज गुरौ, सिताराम चौधरी, युग महतो, कोमल प्रसाद महतो, पुष्परत्न महतो, रिता थनेत, पतिराम महतोसँगै टंक अर्याल, नासीराम महतो, चेतनाथ पोखरेल, एकादत्त वस्ती, जितबहादुर महतो, कृष्णबहादर दंगाल, चोलाकान्त सिग्देल, जोगमाया महतो, राजकुमार महतो, पुरन चौधरी, चेतनाथ राय, हरिमाया थनेत थारू र चुरामणि थनेत लगायत अप्रत्यक्ष सहयोग गर्ने सबैलाई धन्यवाद । साथै, वडा अध्यक्ष तथा समाजसेवी टंक अर्याल, चेतनारायण पोखरेल, कृष्णबहादुर दंगाली र पतिराम महतोप्रति आभारी छु । यो लेखमा मार्गनिर्देशन गर्नुहुने मार्टिन चौतारीका प्रत्यूष वन्त र अर्जुन पन्थीलाई धन्यवाद छ ।

## सन्दर्भ सामग्री


गुणरत्ने, अर्जुन । सन् २००६ । थारू र राज्य : प्रजातन्त्र, राज्य निर्माण र जनजाति पहिचान । *मधेश : समस्या र सम्भावना* । वसन्त थापा र मोहन मैनाली, सं. पृ. ४२–५४ । ललितपुर : सोसल साइन्स बहाः ।

शर्मा, सुधीर । २०७२ । भयको भुमरी । *कान्तिपुर*, भदौ १२, पृ. १, ३ ।

सर्वहारी, कृष्णराज र गणेश चौधरी । २०७४ । थरूहट आन्दोलनको दशक र टीकापुर काण्ड । *मधेश अध्ययन* ५ : ११५–१४० ।

सर्वहारी, कृष्णराज र नवीन झा । २०६९ । थरूहट आन्दोलनको दशा र दिशा । *मधेश अध्ययन* १ : १०५–१४६ ।


## अनुसूची

जवाफदेहिता निगरानी समिति नवलपरासीले आगजनी लगातयका सो समयमा भएका घटनाहरूको दिनदिनै अनुगमन गरिरहेको थियो । सो समितिले आगजनीको घटनामा शहीद र घाइते भएकाहरूको घर-घरमा गएर भेट्ने काम गरेको थियो । साथै, थाकस अगुवा र संग्रहालयका पदाधिकारी र प्रत्यक्षदर्शीलाई पनि भेटेर घटनाको दस्तावेज तयार गर्दै आएको थियो । त्यसपछि प्रशासनले प्रतिवेदन लेख्ने काम पनि समावेश गरी "मानवअधिकार जिल्ला अनुगमन समिति नवलपरासी" गठन गरेको थियो । सो अनुगमन टोली जेठ ९, २०६९ मा डण्डामा पुगेको थियो । सो टोलीले पूर्व-सूचना अनुसार संग्रहालयमा पदाधिकारीहरू, घाइतेका परिवारहरू, प्रत्यक्षदर्शीहरू, भद्र भलाद्मीहरू, साथै थारू संयुक्त संघर्ष समितिका सदस्यहरू भेला भएका थिए । तल उल्लिखित अनुसूचीहरू जवाफदेहीता निगरानी समितिका दस्तावेज र मानवअधिकार जिल्ला अनुगमन समिति नवलपरासीको प्रतिवेदनमा आधारित छन् ।

### *अनुसूची १ : आगजनीमा भएको क्षतिको विवरण*

१. संग्रहालय परिसरसँगै राखिएको रिता महतोको ना १६ प ८६१० नम्बरको स्कुटरमा आगजनी हुँदा जलेर पूर्ण रूपमा नष्ट भएको थियो ।

२. राजेश पालको लु ३ प ८४३८ नम्बरको मोटरसाइकल र सीताराम थारूको लु ८ प ६१७७ नम्बरको मोटरसाइकलमा तोडफोडबाट क्षतिग्रस्त भएको थियो ।

३. संग्रहालय भवनका दुई ओटा ढोकामा तोडफोड भएको थियो भने भवनभित्र राखिएका एउटा काठे र्‍याक, २४ थान प्लास्टिकका कुर्सी, भित्तामा टाँसिएका दश ओटा तस्बिर, ४३ थान साइकल, आन्दोलनमा प्रयोग गरिएको टेन्ट, माइक, साउण्डबक्स तोडफोड गरिएको थियो ।

४. पक्की भवनसँगै रहेको अर्को फुसको छानो भएको खडाईको भित्ता भएको घरमा आगजनी हुँदा पूरै भवन जलेको थियो ।
५. थारू संग्रहालयमा एक घर एक सामान अभियान अन्तर्गत संकलन गरिएका थारू संस्कृतिसँग सम्बन्धित गरगहना, थारू जातिले प्रयोग गर्ने भाँडाकुँडा तथा विभिन्न किसिमका औजार जलेर नष्ट भएको थियो ।

### *अनुसूची २ : प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका र घाइते भएकाहरूको नामावली*

१. छातीमा गोली लागेर शिक्षण अस्पताल काठमाडौँमा उपचारको क्रममा कुमारवर्ती गाविस ७ गोछडा बस्ने ४५ वर्षीय धनबहादुर थनेतको ज्यान गएको ।
२. साबिक कुमारवर्ती गाविस-७ गोछडा बस्ने २२ वर्षीय महेन्द्र आले मगरको खुट्टामा गोली लागेर शिक्षण अस्पताल काठमाडौँमा उपचार भएको ।
३. अग्यौली गाविस-३ का २२ वर्षीय विशाल महतोको काखीमा गोली लागेपछि शिक्षण अस्पताल काठमाडौँमा उपचार भएको, अग्यौली गाविस-४ का टोकबहादुर थनेतको कालीगण्डकी अस्पताल कावासोतीमा उपचार भएको ।
४. अग्यौली गाविस-८ डण्डा बस्ने २२ वर्षीय ताराबहादुर थनेतको दुवै खुट्टामा गोली लागेर शिक्षण अस्पताल काठमाडौँमा उपचार भई डिस्चार्ज भए तापनि अवस्थामा सुधार नआएकोले पुनः भरतपुर लगिएको ।

### *अनुसूची ३ : मानवअधिकार जिल्ला अनुगमन समिति नवलपरासीले सार्वजनिक गरेको ११ पृष्ठ लामो प्रतिवेदनको सार*

१. टोलीले सार्वजनिक गरेको प्रतिवेदनमा वैशाख २६, २०६९ को घटनामा प्रहरी, बन्दकर्ता र बसका यात्रुले संयमता नअपनाएको देखाएको छ ।
२. प्रहरीले भीड नियन्त्रण गर्ने प्रारम्भिक चरण नै पूरा नगरी बिनाआदेश गोली चलाएको भनिएको छ ।
३. थारू आन्दोलनको क्रममा डण्डामा चक्काजाम गरेर बसिरहेको ठूलो भीडमा प्रहरीको उपस्थिति नहुनु नै घटनाको कारण बन्न गएको छ ।
४. थारूहरूको आन्दोलन चलिरहेको अवस्थामा गैंडाकोटबाट आएका ब्राह्मण दशनामीहरू चढेको बस पश्चिम जान लागेको खबर कावासोती प्रहरीलाई हुँदाहुँदै बसलाई रोक्ने वा स्कर्टिङ गर्ने काम नगरी प्रहरीले कमजोरी देखाएको छ ।
५. बसका यात्रु र आन्दोलनकारीबीच झडप भए पनि संग्रहालयमा तोडफोड र आगजनी गर्नुमा पूर्व तयारी वा बदनियतपूर्ण व्यवहार रहेको देखिएको छ ।
६. ब्राह्मण दशनामीहरूले जानीबुझी थारू संग्रहालयमा आगजनी गरेका हुन् । यसै दुःखद् व्यवहारले थारू समुदाय आज पनि प्रभावित देखिन्छ ।